महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General

Phone: 4258174
4266034
4255707
A.G. Fax : 977-1-4268309
Fax : 977-1-4262798
Post Box : 13328
बबरमहल, काठमाडौं, नेपाल
Babar Mahal, Kathmandu, Nepal

प्रेस विज्ञप्ति
(आम सञ्चार माध्याममा तत्काल उपयोगको लागि)
२०७५ भाद्र १९ गते,मंगलवार

माननीय महालेखारीक्षक श्री टंकमणि शर्मा,दंगालज्यूको समुपस्थितिमा स्थानीय तहको आ.व.२०७४।७५ को लेखापरीक्षण सम्वन्धमा काठमाण्डौं उपत्यकाका महानगर र नगरपालिकाहरूको नगर प्रमुख, उपप्रमुख र प्रमुख प्रशासकिय अधिकृतहरूको उपस्थितीमा अन्तरक्रिया तथा छलफल कार्यक्रम महालेखापरीक्षकको कार्यालय बबरमहलमा सम्पन्न भयो ।

बैठकको क्रममा उपस्थित पदाधिकारीहरूवीच परिचयात्मक कार्यक्रम सहित आ–आफ्नो स्थानीय तहको वार्षिक नीति,कार्यक्रम, योजना, लक्ष्य, प्रगति र महालेखापरीक्षकको कार्यालयवाट औंल्याएका वेरूजू र फछ्र्योटको अवस्था वारेमा महालेखापरीक्षकज्यू समक्ष प्रस्तुती गर्नुभएको थियो । उपस्थित नगर प्रमुख,उप–प्रमुख तथा प्रमुख प्रशासकिय अधिकृतहरूले वर्तमानमा सार्वजनिक खरिद ऐनले स्थानिय तहमा गुणस्तरीय काम गर्न कठिन भएको, समयसापेक्ष खरिद ऐनलाई संशोधन गर्नुपर्ने, स्थानिय तहले सार्वजनिक खरिद नियमावलीमा के कस्ता प्रावधान राख्न मिल्ने अन्यौल रहेको काठमाण्डौं,ललितपुर र भक्तपुर जिल्ला सांस्कृतिक सम्पदाको शहर भएको र भूकम्प पछिको जिर्णोद्धार सांस्कृतिक सम्पदा निर्माण कार्य विशिष्ट किसिमको भएकोले यस्ता सम्पदा निर्माणमा भएका खरिद प्रकियालाई लेखापरीक्षणका वखत लेखापरीक्षकले प्रकृया भन्दा पनि नतिजा र गुणस्तरीयता हेर्नुपर्ने ,उपभोक्ता समितिवाट निर्माण हुने कार्यमा अग्रिम करकट्टी, जनप्रतिनिधीहरूमा आर्थिक कार्यविधि ऐन, सार्वजनिक खरिद ऐन, निर्देशिकाहरूको जानकारी अभिवृद्धि गर्न तथा स्थानीय निकाय र महालेखापरीक्षकको कार्यालयको वीचमा यस्ता अन्तक्रिया तथा छलफल कार्यक्रम समय समयमा हुनुपर्ने धारणा राख्नुभएको थियो ।

माननीय महालेखापरीक्षकज्यूले स्थानीय तहका जनप्रतिनिधि तथा प्रमुख प्रशासकिय अधिकृतहरूले राखेका धारणा तथा विचारलाई सम्वोधन गर्ने क्रममा नेपालको संविधान, २०७२ ले महालेखापरीक्षकको कार्यालयलाई संघ, प्रदेश तथा स्थानीय तहको लेखापरीक्षण गर्नेगरी दायरा विस्तार भएको अवस्थाका वारेमा जानकारी दिनुभयो । महालेखापरीक्षकको कार्यालयले गत वर्षदेखि नै यी तीनै तहको लेखापरीक्षण सम्पन्न गरी छुट्टाछुट्टै प्रतिवेदन पेश गरिसकेको जानकारी दिनुभयो । सोही क्रममा लेखापरीक्षण कार्यलाई समस्याको रूपमा नलिई, लेखापरीक्षण गर्न खटिई गएको टोलीलाई आवश्यक श्रेस्ताहरू उपलव्ध गराई अनुकूल वातावरण निर्माण गरी लेखापरीक्षणमा सहयोग गर्न अनुरोध गर्नुभयो । यसै क्रममा स्थानीय निकायको लेखापरीक्षणको शिलसिलामा प्रकृया नमिलेको, कार्य नभएको र नतिजा पनि नआएको अवस्थामा महालेखापरीक्षकले यस विषयमा समस्या उजागर गर्ने,यद्यपि काम भएको नतिजा प्राप्त भएको तर प्रकिया नमिलेको अवस्थामा भने छलफल गरी समस्या समाधान गर्न सकिने विषयमा धारणा राख्नुभएको थियो । उहाले वर्तमान सार्वजनिक खरिद ऐनलाई राम्रोसंग अध्ययन गरेमा जुनसुकै प्रकृति र अवस्थाको खरिदलाई मिल्ने विधि प्रकृया रहेको र सोमा भएका राम्रा प्रावधानलाई अंगीकार गर्न, खरिद योजना समयमै वनाई खरिद ऐन,नियम वमोजिम खरिद कार्य व्यवस्थित गर्नुपर्ने विषयमा उपस्थित नगर प्रमुख तथा प्रमुख प्रशासकिय अधिकृतहरूलाई सुझाउ दिनुभयो ।

२०७५।५।१९

(विष्णुप्रसाद रिजाल)
नायव– महालेखापरीक्षक /प्रवक्ता